# स्थानीय राजपत्र

## बागचौर नगरपालिकाबाट प्रकाशित

खण्डः ८ संख्या ५ मिति २०८१ साल चैत्र ०८ गते

भाग– १

बागचौर नगरपालिका

सम्वत् २०७५ सालको ऐन न.१०

पहिलो पटक नगर सभाबाट पारित मितिः२०७५ /०३/१०

पहिलो पटक राजपत्रमा प्रकाशित मितिः२०७५ /०४/०१

*(पहिलो संशोधन)सभाबाट पारित २०७९/०३/३०

पहिलो संशोधन राजपत्रमा प्रकाशित मितिः२०७९/०४/०१

(दोस्रो संशोधन)सभाबाट पारित २०८१/१२/०७

#दोस्रो संशोधन राजपत्रमा प्रकाशित मितिः२०८१/१२/०८

**प्रस्तावनाः**

प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता र मानवीय मूल्य, □मान्यताको प्रवर्धन गरी संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास, मुलुकको समृद्धि र जनहितका लागि स्थानीय,राष्ट्रिय र विश्वब्यापी आवश्यकतामा आधारित

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप □दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

श्रम प्रति सम्मान गर्ने प्रतिस्पर्धी दक्ष जनशक्ति तयार गर्न यस स्थानीय तहको क्षेत्र भित्र स्थापना हुने तथा स्थापना भई संचालन रहेका बाल विकास केन्द्र, सबै प्रकारका आधारभूत तथा माध्यमिक विद्यालयहरु, सामुदायिक सिकाइ केन्द्रहरुको संचालन तथा व्यवस्थापनमा सुधार गरी गुणस्तरीय शिक्षा तथा जीवनोपयोगी सिप विकासका अवसर वृद्धि गर्न वान्छनीय भएकोले,"नेपालको संविधान २०७२ को भाग ८ को धारा २२१ को उपधारा (१), धारा २२६ को उपधारा (१), भाग ५ को धारा ५७ को उपधारा (४) र संबिधानको अनुसुची ८ को सूची न.८ " तथा "स्थानीय सरकार सञ्चालन ऐन-२०७४ को दफा ११ को उपदफा (१) र उपदफा (२) को 'ज÷ र दफा १०२" उपदफा (१) वमोजिम बागचौर नगरपालिकाको नवौं नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद– १

### प्रारम्भिकः

**१.संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

(१) यस ऐनको नाम "बागचौर नगरपालिकाको स्थानीय शिक्षा ऐन,२०७५ #(दोस्रो संशोधन २०८१)"रहेको छ।

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

(२) यो ऐन बागचौर नगरपालिका, सल्यान जिल्ला,कर्णाली प्रदेश भरी तुरुन्त लागू हुनेछ ।

(३) यो ऐन बागचौर नगरपालिकाले #स्थानीय राजपत्रमा प्रकाशित भएको दिनदेखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **“आधारभूत शिक्षा”** भन्नाले #प्रारम्भिक बालविकास र शिक्षा देखि कक्षा आठ सम्म दिइने हरेक कक्षाको शिक्षा सम्झनु पर्छ ।

(ख) **“माध्यामिक शिक्षा”** भन्नाले कक्षा नौ देखि कक्षा बाह् सम्म दिइने विद्यालय शिक्षा सम्झनु पर्छ ।

ख) १ः “पुर्व प्राथमिक विद्यालय ” भन्नाले चार बर्ष उमेर पुरा गरेका बालवालिकालाई एक वर्षको पुर्व प्राथमिक शिक्षा दिने बिद्यालय सम्झनु पर्छ |

(ग) **“नगरपालिका”** भन्नाले बागचौर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, सल्यानलाई सम्झनु पर्छ ।

(ग) १ः **“नगरकार्यपालिका”** भन्नाले बागचौर नगरपालिका नगरकार्यपालिकालाई सम्झनु पर्छ ।

(घ) **“नगर सभा”** भन्नाले बागचौर नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

(घ) १:**“नगर प्रमुख”** बागचौर नगरपालिकाको नगर प्रमुख लाई सम्झन पर्छ ।

(ङ) **“विशेष शिक्षा”** भन्नाले दृष्टिविहीन,बहिरा,बौद्धिक अपांगता,सुस्तश्रवन वा शारिरीक अपांगता भएका बालबालिकालाई दिइने विशेष किसिमको शिक्षा सम्झनु पर्छ ।

(च) **“विद्यालय शिक्षा”** भन्नाले आधारभूत र माध्यामिक दुबै शिक्षा सम्झनु पर्छ ।

(छ) **“प्राविधिक तथा ब्यवसायिक शिक्षा”** भन्नाले प्राविधिक ज्ञान,सीप तथा विषयवस्तुमा आधारित र ब्यवसाय उन्मुख शिक्षा प्रदान गर्न कक्षा ९ देखि कक्षा १२ सम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ ।

(ज) **“सामुदायिक विद्यालय”** भन्नाले नेपाल सरकार तथा नगरपालिकाबाट नियमित रुपमा अनुदान पाउने गरि समुदायको पहलमा स्थापना भई अनुमति वा स्वीकृत प्राप्त विद्यालयलाई सम्झनु पर्छ ।

(झ) “संस्थागत विद्यालय”भन्नाले नेपाल सरकार तथा नगरपालिकाबाट नियमित अनुदान नपाउने गरि निजी पहलमा स्थापना भई अनुमति वा स्वीकृत प्राप्त विद्यालयलाई सम्झनु पर्छ।

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

(ञ) **"शिक्षक"** भन्नाले विद्यालयमा शिक्षण सहजीकरण गर्न नियूक्त भएका स्थायी, अस्थायी, राहत, करार, वालविकास, सङ्घीय अनुदान, प्रदेश अनुदान, नगर अनुदान तथा स्वयंसेवक शिक्षकलाई सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापकलाई समेत जनाउछ ।

(ट) **"कर्मचारी"**भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(ठ) **"अनुमति"**भन्नाले नेपाल सरकार वा नगरपालिकाले कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतीलाई जनाउछ ।

(ड) **"स्वीकृत"**भन्नाले तोकिए बमोजिमको शर्त पुरा गरेको विद्यालयलाई नेपाल सरकार वा नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउछ ।

(ढ) **"आवासीय विद्यालय"** भन्नाले नेपाल सरकार वा नगरपालिकाबाट आवासिय विद्यालयको रुपमा स्वीकृत प्रदान गरिएको विद्यालयलाई जनाउछ ,

(ण) **"शैक्षिक गुठी"**भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै ब्यक्तिले नाफा नलिने उद्धेश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(त) **"स्थायी आवासिय अनुमति"** भिन्नले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपमा बसोबास

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा(डिभी),परमानेन्ट रेजिडेन्ट भिसा(पी.आर.)वा ग्रीन कार्ड सम्झनुपर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासिय अनुमति समेतलाई जनाउँछ ।

(थ) “ **प्रारम्भिक बाल विकास र शिक्षा**”भन्नाले #चार वर्ष उमेर पुरा भएका बालबालिकालाई दिइने एक वा दुई वर्षको प्रारम्भिक बाल शिक्षा सम्झनु पर्छ ।

+(द) “**प्रमुख प्रशासकिय अधिकृत**”भन्नाले बागचौर नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत लाई सम्झनु पर्छ ।

+(ध) “**प्रमुख शिक्षा अधिकृत**”भन्नाले बागचौर नगरपालिकाको शिक्षा शाखाको प्रमुख वा प्रमुखको कामकाज गर्न तोकिएको वरिष्ठ अधिकृत कर्मचारीलाई सम्झनु पर्छ ।

+(न) “ **वरिष्ठ शिक्षा अधिकृत**”भन्नाले बागचौर नगरपालिका भित्रका सबै विद्यालयहरु निरीक्षण तथा सुपरीवेक्षण गर्न र अन्य तोकिएको कामकाज गर्ने वरिष्ठ अधिकृत कर्मचारीलाई सम्झनु पर्छ ।

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

+(प) **“सहायक कर्मचारी”**भन्नाले प्रमुख शिक्षा अधिकृत तथा वरिष्ठ शिक्षा अधिकृतको प्रत्यक्ष निर्देशनमा रही बागचौर नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा शैक्षिक प्रशासनिक,ब्यवस्थापकिय र अन्य आबश्यक कामकाज गर्न तोकिएको शिक्षक तथा कर्मचारीलाई सम्झनु पर्छ ।

+(फ) **“शिक्षा, युवा तथा खेलकुद शाखा”** भन्नाले बागचौर नगरपालिकामा रहेको शिक्षा हेर्ने विभाग/शाखा वा ईकाइलाई सम्झनु पर्छ ।

+(ब) “ **विद्यालय व्यवस्थापन समिति**”भन्नाले दफा १४ बमोजिम गठन हुने विद्यालय ब्यवस्थापन समिति सम्झनु पर्छ ।

(भ) **“अनुदान”** भन्नाले नेपाल सरकारको संघीय अनुदान, प्रदेश सरकारको अनुदान र नगरपालिकाबाट दिने अनुदानलाई सम्झन पर्छ |

(म) “तोकिएको” वा “तोकिएबमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेका नियमावली तथा कार्यविधिमा तोकिएबमोजिम सम्झनुपर्छ |

(य) **“शिक्षा परामर्श समिति”** भन्नाले नगरपालिकाको आवश्यकता अनुसार विद्यालय शिक्षाको समग्र विकास, बिद्यालयहरुको अनुमति,स्वीकृति, गुणस्तर

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

तथा शैक्षिक उन्नयन र विद्यालयहरुको अनुगमन तथा मूल्यांकन गरि प्रतिवेदन पेश गर्नका साथै परामर्श दिने लगायत नगरपालिकाको शिक्षा समिति तथा शिक्षा शाखाले तोकेको अन्य शिक्षा क्षेत्र सम्बन्धी कामकाज गर्न तोकिएको समितिलाई सम्झन पर्दछ।

(र) **"प्रशिक्षक" भन्नाले प्राबिधिक धारतर्फ अध्यापन गर्ने शिक्षक ,खेलकुद, संगीत र अनुशासन सम्बन्धी प्रशिक्षण दिने व्यक्तिलाई सम्झनु पर्छ |**

(ल) **"विद्यालय नर्स तथा विद्यालय स्वास्थ्यकर्मी**" भन्नाले बिद्यालयमा बालवालिकाहरुको स्वास्थ्य सम्बन्धी हेरचाह तथा प्रशिक्षण गर्ने व्यक्तिलाई सम्झनु पर्दछ |

## परिच्छेद– २

## शिक्षाको प्रकार,विद्यालयको वर्गिकरण,अनुमति,स्वीकृती,समायोजन तथा नियमन

**३.माध्यामिक शिक्षाको प्रकार**ःमाध्यमिक शिक्षा #देहाय प्रकारका हुनेछन्ः

(क) साधारण माध्यामिक शिक्षा

(ख) संस्कृत माध्यामिक शिक्षा

(ग) प्राविधिक तथा व्यवसायिक माध्यामिक शिक्षा

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

तर,त्यस्तो शिक्षामा थप एक बर्ष तोकिए बमोजिम व्यवहारिक अभ्यास गराइनेछ ।

**४.शिक्षाको माध्यमः**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा,अंग्रेजी भाषा वा दुबै भाषा हुनेछ।

(२) उपदफा(१)मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछः

(क) आधारभूत #तह सम्मको शिक्षा मातृभाषामा दिन सकिनेछ।

(ख) गैर नेपाली नागरिकले बागचौर नगरपालिका अन्तरगतका विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ ।

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषामा हुनेछ ।

(घ) अनिवार्य अंग्रेजी बिषय अध्ययन गराउंदा अंग्रेजी भाषामा नै गराउनु पर्नेछ |

**५. विशेष शिक्षा,समावेशी शिक्षा,अनौपचारिक शिक्षा,निरन्तर शिक्षा,दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी ब्यवस्थाः**

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

(क) नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा,समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा,दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको ब्यवस्था गर्न सक्नेछ ।

**६. विद्यालयको वर्गिकरणः**विद्यालयलाई तोकिएको आधारमा देहाय बमोजिम वर्गीकरण गरिनेछ

(क) सामुदायिक विद्यालय

(ख) संस्थागत विद्यालय

(ग) गुठी अन्तर्गत संचालित विद्यालय

**७. विद्यालय सञ्चालन गर्न अनुमति लिनुपर्नेः**

(१) कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तरगत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिस सहित नगरपालिका प्रमुख समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा(१)बमोजिम निवेदन परेमा सो निवेदन उपर बागचौर नगरपालिकाको शिक्षा परामर्श समिति वा शिक्षा शाखाबाट*शिक्षा अधिकृत वा तोकिएको कर्मचारीले विद्यालय निरीक्षण गरी पेश गरेको स्थलगत प्रतिवेदनको आधारमा आबश्यक जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिव देखिएमा

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

तोकिएको शर्त बन्देज पालना गर्ने गरी नगर शिक्षा समितिको सिफारिसमा नगर प्रमुखले अनुमति दिनेछ । जुनसुकै विद्यालयको अनुमति तथा स्वीकृत दिँदा पनि स्कूल जोनिङ,नक्सांकन तथा मिलानको आधारमा मात्र निर्णय लिइनेछ ।

^(३) झिकिएको ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तरगत विद्यालय सञ्चालन गर्न नगरपालिका प्रमुख समक्ष निवेदन दिन सक्नेछ ।

(५) उपदफा(४)बमोजिम निवेदन परेमा बागचौर नगरपालिकाको शिक्षा परामर्श समिति वा शिक्षा शाखाले सो निवेदन उपर आबश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न नगर शिक्षा समितिको सिफारिसमा नगर प्रमुखले अनुमति तथा स्वीकृति दिन सक्नेछ ।

(६) उपदफा(२) वा(५)मा जुनसुकै कुरा लेखिएको भएता पनि देहाएका विद्यालयलाई शैक्षिक गुठीको रुपमा

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैनः

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

(ग) कुनै ब्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातब्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(७) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि शैक्षिक गुठी अन्तरगत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछः

(क) शैक्षिक गुठी संचालन गर्ने गुठी संचालक (ट्रष्टी)संगठित संस्थाको रुपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँच जना र निजि गुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने ,

(ग) शैक्षिक गुठीको आय,ब्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परिक्षकबाट लेखापरीक्षण गराउनुपर्ने ,

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेष पछि गुठीयारको रुपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा नगरपालिकाको स्वीकृति लिनुपर्नेछ ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्धेश्य राखी विद्यालय संचालन गर्न चाहेमा आधारभूत तहका लागि प्रमुख प्रशासकिय अधिकृतले र माध्यामिक तहको हकमा नगरपालिकाका प्रमुखबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तरगत विद्यालय संचालन गर्न सक्नेछ ।

(९) उपदफा (८)बमोजिम सञ्चालित विद्यालयले पालना गर्नुपर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन् ।

(१०) माथिल्ला उप दफाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै विदेशी शिक्षण संस्थासंग सम्बन्धन गर्ने गरि कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन ।

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

(११) विद्यालय सञ्चालन शिक्षा सम्बन्धि प्रचलित कानुनमा तोकिए बमोजिम हुनेछ ।

८. **प्रारम्भिक #बालविकास र शिक्षाः** नगरपालिकाले प्रारम्भिक #बालविकास र शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा थप व्यवस्था गर्न सक्नेछ |

९. **सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्नेः** नगरपालिकाले समुदायमा साक्षरता,सीप विकास र निरन्तर सिकाई समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाई केन्द्र संचालन गर्न सक्नेछ । यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय र वाचनालय सञ्चालन हुन सक्नेछ ।

१०. **नगरपालिकाले विद्यालय सार्न, गाभ्न,नाम परिवर्तन गर्न,बन्द गर्न र कक्षा थपघट गर्न सक्नेः**

(१) नगरपालिकाले तोकिएको मापदण्ड बमोजिम हाल सञ्चालन भइरहेको ३० मिनेटको पैदल दुरीमा रहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुई भन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरि वा कक्षा घटाई सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन सक्नेछ ।

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

(२) कुनै विद्यालयले आफ्नो विद्यालयको नाम परिवर्तन गर्नु परेमा नाम परिवर्तन गर्नु पर्ने उपयुक्त कारण सहित तोकिएको विवरण र ढाँचामा नगर शिक्षा समितिमा #निवेदन पेश गर्नुपर्नेछ|

(३) उपदफा(२)बमोजिम पेश हुन आएको निवेदन उपर नगर शिक्षा समितिको सिफारिसमा नगरपालिकाले नाम परिवर्तनको स्वीकृत दिन सक्नेछ ।

(४) #उपदफा (२) र (३) मा जुनसुकै कुरा उल्लेख भएता पनि विद्यालयको नाम परिवर्तन गर्न संघिय शिक्षा ऐन तथा प्रचलित कानुन बमोजिम हुनेछ |

**११. नगर शिक्षा समिति सम्बन्धि ब्यवस्थाः**

(१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने र भएका विद्यालयहरुको रेखदेख,समन्वय र ब्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिम नगर शिक्षा समिति रहनेछः

(क) नगरपालिकाको प्रमुख – अध्यक्ष

(ख) नगरपालिकाले तोकेको शिक्षा हेर्ने विषयगत समितिको संयोजक – सदस्य

(ग) नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत – सदस्य

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

(घ) नगर शिक्षा समितिबाट मनोनित नगर सभाका सदयहरुमध्येबाट एक जना महिला र एक जना दलित #महिला पर्ने गरि *तीन जना– सदस्य

(ङ) विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष तथा *सदस्यहरु मध्येबाट शिक्षा समितिले मनोनित गरेको एकजना – सदस्य

(च)*समाजसेवी वा चन्दादाताहरुमध्येबाट शिक्षा समितिबाट मनोनित *दुइ जना – सदस्य

(छ)*सामुदायिक वा संस्थागत विद्यालयका प्रधानाध्यापक वा शिक्षकहरु मध्येबाट नगर प्रमुखबाट मनोनित गरेका #एक जना महिला सहित दुई जना – सदस्य

(ज) नगरपालिका क्षेत्र भित्रका नेपाल शिक्षक महासंघका अध्यक्ष एक जना – सदस्य

(ज)१: शिक्षाप्रेमी मध्येबाट नगर प्रमुखबाट मनोनित एक जना महिला – सदस्य

(झ)नगरपालिकाको *प्रमुख शिक्षा अधिकृत वा शिक्षा शाखा हेर्ने कर्मचारी – सदस्य सचिव

(२) नगर शिक्षा समितिको उपदफा १ बमोजिम समितिका मनोनित सदस्यहरुको कार्यकाल # २ वर्षको हुनेछ । समितिमा बहुमतको राय मान्य हुनेछ । यदि मत

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

बराबर भएमा अध्यक्षको मत निर्णायक हुनेछ । समितिको बैठकमा आवश्यक परेमा अध्यक्षले सम्बन्धित अन्य व्यक्तिलाई पनि आमन्त्रण गर्न सक्नेछन

(३) उपदफा (१) अनुसार मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा नगरपालिकाले जुनसुकै समयमा पनि हटाउन सक्नेछ । तर त्यसरी हटाउन वा वर्खास्त गर्नु अघि मनासिब माफिकको स्पष्टिकरण मौकाबाट वञ्चित गरिने छैन ।

**(४) नगर शिक्षा समितिको काम,कर्तब्य र अधिकार देहाय वमोजिम हुनेछः**

(क) आफ्नो कार्यक्षेत्र भित्रको शैक्षिक योजना तयार गर्ने ।

(ख) नगरपालिका क्षेत्र भित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने, कक्षा थप्ने र घटाउने सम्बन्धमा नगरकार्यपालिकालाई आबश्यक राय प्रदान गर्ने ।

(ग) विद्यालयलाई आर्थिक अनुदान सम्बन्धी आबश्यक स्रोतको खोजी गर्ने र बिभिन्न प्रकारका अनुदानका लागि नगरपालिकामा सिफारिस गर्ने ।

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

(घ) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भय रहित बनाउन सहयोग गर्ने ।

(ङ) सामुदायिक विद्यालयहरुको लेखा परीक्षकको नियूक्ति गर्ने र पारिश्रमिक तोक्न सक्ने।

(च) नगरपालिका क्षेत्र भित्र स्थापना भएका #नगरपालिकाको स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी, सेवा, सुविधा र शर्तहरु स्वीकृत गर्ने।

(छ) विद्यालय ब्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग बनाउने ।

(ज) विद्यालयको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने, गराउने ।

(झ) अभिभावक र शिक्षक वीच विवाद भएमा त्यसको समाधान गर्ने ।

(ञ) शिक्षाको गुणस्तर कायम राख्ने सूचक विकास गर्ने र प्रगति मूल्यांकन गर्ने तदनुसार अपेक्षित गुणस्तर कायम भएका विद्यालयलाई पुरस्कृत गर्ने,नभएकालाई सघाउने तथा लगातार तीन वर्ष सम्म राम्रो नतिजा नल्याउनेलाई नसिहत दिने ।

(ट) विद्यालयहरुलाई सामाजिक परीक्षण गर्न लगाउने ।

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

(ठ) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने ।

(ड) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(ढ) शैक्षिक गुठी संग गर्ने सम्झौताका शर्तहरु निर्धारण गर्ने ।

(ण) शिक्षक तथा कर्मचारीहरुलाई उनीहरुको कामको आधारमा आवश्यक प्रोत्साहन, नसिहत, दण्ड, कारबाही गर्ने, गराउने।

(त) जिल्लाबाट छनौट भएका रोष्टर तथा बिषय विशेषज्ञहरुको नाम, ठेगाना,फोन,इमेल भएको सम्पर्क सहितको सूची प्रकाशन गर्ने।

(थ) संस्थागत विद्यालय संचालनको निति नियम बनाउने, संचालनको स्वीकृति र अनुमतिको लागि नगरपालिकालाई आवश्यक राय, सुझाव प्रदान गर्ने ।

(द) नक्सांकन, जोनिङ्ग सहित विद्यालय गाभ्ने, सार्ने, नाम परिवर्तन गर्ने, तह/कक्षा थप गर्ने वा कक्षा घटाउने निति तर्जुमा गरी सिफारिस सहित नगरपालिकामा पेश गर्ने ।

(ध) विद्यालयमा विषयगत शिक्षक दरबन्दी मिलान गर्ने तथा शिक्षकहरुको सरुवा व्यवस्थापन गर्ने ।

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

(न) सामुदायिक सिकाई केन्द्र स्थापना र संचालन तथा नियमन सम्बन्धी निति तर्जुमा गर्ने ।

(प) विद्यालयहरुमा आवश्यकता अनुसार दिवा खाजा ब्यवस्थापन गर्ने ।

(फ) विद्यालय बाहिर रहेका बालबालिका पहिचान गरी सबैका लागि शिक्षा सुनिश्चित हुने प्रबन्ध गर्ने ।

(ब) सबै विद्यालयहरुमा पठनपाठनको अधिकतम प्रबन्ध हुने गरि बार्षिक शैक्षिक क्यालेन्डर बनाई लागु गर्ने, गराउने ।

(भ) शिक्षक तालिम निति तर्जुमा गरी लागु गर्ने ।

(म) नगर कार्यपालिकालाई शैक्षिक विकासका लागि आवश्यक सुझाब तथा परामर्श दिने ।

(य) विद्यालयहरुलाई सक्षमतामा आधारित (Performance Based) अनुदान दिने वा अनुदान दिन सम्बन्धित निकाएमा सिफारिस गर्ने ।

(र) विद्यालयका शिक्षक तथा कर्मचारीलाई आवश्यक परेमा प्रोत्सहान सहित स्वेच्छिक अवकाशको प्रबन्ध गर्ने ।

(ल) नगरपालिका क्षेत्रभित्रका #सबै विद्यालयहरु बीच स्वस्थ प्रतिस्पर्धा गराई विद्यार्थीहरुको चौतर्फी विकासका लागि अर्ध वार्षिक शैक्षिक मेला सञ्चालन गर्ने ।

(व) तोकिए बमोजिम अन्य कार्यहरु गर्ने ।

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

**१२.*प्रमुख शिक्षा अधिकृत वा प्रमुख शिक्षा अधिकृतको काम गर्न तोकिएको अधिकृतको काम,कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(१) नगर स्तरीय शिक्षा योजना तर्जुमा गरि नगरपालिकामा पेश गर्ने,गराउने ।

(२) नगरपालिका तथा नगर शिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासका लागि पारित निति तथा कार्यक्रमको कार्यन्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने ।

(३) विद्यालय तथा शैक्षिक निकायहरुको अनुगमन तथा सुपरिवेक्षण गर्ने,गराउने ।

(४) नगरपालिका, नगर शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक राय,सुझाव तथा परामर्श दिने ।

(५) नगर शिक्षा समितिको सदस्य सचिबको भूमिका निर्वाह गर्ने

१२.(क): *प्रमुख शिक्षा अधिकृत वा शिक्षा अधिकृतको काम गर्न तोकिएको अधिकृतको काम,कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

(ख) ∗शिक्षा अधिकृत वा शिक्षा अधिकृतको काम गर्न तोकिएको अधिकृत कर्मचारीको काम,कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

(ग) ∗सहायक कर्मचारीको काम, कर्तब्य र अधिकार नियमावलीमा तोकिए बमोजिम हुनेछं ।

**१३. वडा शिक्षा समितिको गठन,काम कर्तब्य र अधिकारः**

(१) वडा स्तरमा देहाए बमोजिमको वडा शिक्षा समिति गठन गर्न सकिनेछः

(क) सम्बन्धीत वडाको वडा अध्यक्ष - संयोजक

(ख) वडा समितिका सदस्यहरु मध्ये वडा समितिले तोकेको एक जना - सदस्य

(ग) वडा भित्रका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा सदस्यहरु मध्येबाट वडा समितिले तोकेको एकजना– सदस्य

(घ) वडा भित्रका माध्यमिक तह र आधारभूत तहका विद्यालयका प्रधानाध्यापक वा ∗शिक्षकं मध्येबाट नगर शिक्षा समितिले तोकेको उपलब्ध भए सम्म एक जना महिला पर्ने गरि दुईजना– सदस्य

(ङ) सम्बन्धित वडा भित्रका शिक्षाप्रेमीहरु मध्येबाट वडा समितिले तोकेको एक जना महिला सहित दुई जना – सदस्य ।

∗पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

(च) # खारेज

(छ) स्थानीय समाजसेवी तथा बुद्दीजीवी मध्येबाट वडा अध्यक्षबाट मनोनित एक जना महिला – सदस्य

(ज) सम्बन्धित ⁎वडाको वडा सचिब– सदस्य सचिब वडा शिक्षा समितिका मनोनित सदस्यहरुको पदावधि २ बर्षको हुनेछ |समितिमा बहुमतको राय मान्य हुनेछ | यदि मत बराबर भएमा अध्यक्षको मत निर्णायक हुनेछ | समितिको बैठकमा आवश्यक परेमा अध्यक्षले सम्बन्धित अन्य व्यक्तिलाई पनि आमन्त्रण गर्न सक्नेछन

**(२) वडा शिक्षा समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः**

(क) आफ्नो वडाको शैक्षिक योजना तयार पार्ने ।

(ख) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने ।

(ग) विद्यालय व्यवस्थापन समितिलाई आबश्यक निर्देशन दिने, जागरुक र सजग बनाउने ।

(घ) विद्यालयको लागि आबश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने,गराउने ।

(ङ) सम्बन्धित वडा भित्रका अभिभावक र शिक्षक बीच विवाद भएमा त्यसको समाधान गर्ने ।

⁎पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

(च) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने,गारउने ।

(छ) नक्सांकनको आधारमा विद्यालय गाभ्ने,सार्ने,नाम परिवर्तन गर्ने, तह/कक्षा थपघट गर्न नगर शिक्षा समितिमा सिफारिस गर्ने

(ज) वडाको शैक्षिक अभिबृद्धिका लागि आबश्यक कार्यहरु गर्ने ।

(झ) वडा शिक्षा समितिले आफ्नो बैठक सञ्चालन तथा कार्यविधि आफैले निर्धारण गर्नेछ ।

(ञ) वालविकास केन्द्र संचालन गर्न अनुमति प्रदान गर्ने ।

(ट) नगर शिक्षा समितिले तोके बमोजिम अन्य कार्य गर्ने ।

**१४.विद्यालय व्यवस्थापन समितिको गठन,काम कर्तब्य र अधिकारः**

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहाएका सदस्यहरु रहेको एक विद्यालय ब्यवस्थापन समिति रहनेछः

(क) समितिका सदस्यहरुले उपदफा (ख) (ग) र (घ) मध्येबाट छानेको व्यक्ति – अध्यक्ष,

(ख) अभिभावकहरुले आफूहरुमध्येबाट छानी पठाएका कम्तीमा दुईजना महिला सहित चार जना– सदस्य

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

(ग) विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यहरुमध्येबाट वडा समितिले मनोनित गरेको एक जना* – सदस्य

(घ) विद्यालयका संस्थापक,स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी, विद्यालयलाई #निरन्तर दश बर्ष देखि सहयोग गरेका वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरुमध्येबाट विद्यालय ब्यवस्थापन समितिले मनोनित गरेको एक जना महिला सहित दुई जना – सदस्य

(ङ) स्थानीय शिक्षाप्रेमी मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एक जना – सदस्य

(च) शिक्षकहरुले आफुमध्ये बाट चयन गरि पठाएको शिक्षक प्रतिनिधि एक जना – सदस्य

(छ) विद्यालयका चन्दादाताहरु मध्येबाट समितिले मनोनित गरेको एक जना – सदस्य

(ज) विद्यालयको प्रधानाध्यापक – सदस्य सचिव

उपदफा १ बमोजिमको समितिको पदावधि ३ बर्षको हुनेछ |यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक,पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पनि हटाउनु सक्नेछ | तर

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बन्चित गरिने छैन । बिद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिको ज्येष्ठ सदस्यले सो समितिको अध्यक्ष हुनेछ ।

१४.(क) विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिनेः

(१) कुनै विद्यालयको विद्यालय व्यवस्थापन समितिले प्रचलित कानुन बमोजिम तोकिएको जिम्मेवारी पुरा गर्न नसकेमा सोको कारण खुलाई नगर शिक्षा समितिले त्यस्तो विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछ ।

तर विघटन गर्न अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिन पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बिद्यालय व्यवस्थापन समिति विघटन भएपछी अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले बि.व्य.स. गठन नभएसम्मका लागि बि.व्य.स.को काम गर्न नगर शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

**(२) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोत परिचालन गर्ने ।

(ख) विद्यालयको चल,अचल सम्पत्तिको लगत राख्ने,राख्न लगाउने र सुरक्षा गर्ने ।

(ग) विद्यालयको शैक्षिक,भौतिक तथा आर्थिक तथ्यांक विवरण अद्यावधिक गराई राख्ने ।

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी नगरपालिकालाई दिने ।

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक,धार्मिक वा साम्प्रादायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने ।

(च) विद्यालयमा शिक्षक,कर्मचारी र विद्यार्थीको पोशाकको कार्यन्वयन गर्ने ।

(छ) प्रचलित कानुन बमोजिम शिक्षक सेवा आयोग,जिल्ला तथा नगरपालिकाबाट सिफारीस एवं पदस्थापन भइ आएका शिक्षकलाई हाजिर गराई काममा लगाउने तथा नगरपालिका बाट स्वीकृत दरबन्दीमा कर्मचारीको व्यवस्थापन गर्ने ।

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

(ज) नगरपालिकाबाट खटिएका शिक्षक तथा कर्मचारीलाई हाजीर गराई काममा लगाउने ।

(झ) नगर शिक्षा समितिबाट तोकिएको सूचीकृत लेखापरिक्षकबाट विद्यालयको वाषिर्क लेखा परीक्षण गराउने ।

(ञ) लेखा परिक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन नगर शिक्षा समितिमा पेश गर्ने ।

(ट)तोकिए बमोजिमका शिक्षा क्षेत्रसंग सम्बन्धित नगरपालिका र नगर शिक्षा समितिले दिएको निर्देशनहरुको पालना गर्ने,गराउने ।

(ठ) विद्यालय सेवा क्षेत्रमा निरक्षरता उन्मुलन तथा आधारभूत शिक्षा सुनिश्चित गर्न पहल गर्ने ।

(ड) तोकिए बमोजिम दरबन्दीका शिक्षकलाई कामको आधारमा प्रोत्सहान र विभागीय कारबाही गर्ने ।

(ढ) विद्यालयको आन्तरिक स्रोतबाट खर्च व्यहोर्ने गरी नियूक्त वा बढुवा गरेका शिक्षकको लागि सेवा,शर्त र सुविधा तोक्ने र तोकिए बमोजमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने ।

(ण) विद्यालय शिक्षा एकै समयमा सञ्चालन गर्ने प्रबन्ध मिलाउने ।

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

(त) विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धि गर्न र सामाजिक परीक्षण एवं शैक्षिक गुणस्तर सम्बन्धी रेखदेख गर्न शिक्षक अभिभावक संघ गठन गर्ने ।

(थ) नेपाल सरकार वा नगरपालिकाले गरेको व्यवस्था बमोजिम तोकिएको कर्मचारीलाई तोकिएको बमोजिम तलब भत्ता प्रदान गर्ने ,

(द) तोकिए बमोजिम अन्य कार्य गर्ने ।

(४) ∗विद्यालयको भैातिक, आर्थीक र शैक्षिक एवं व्यवस्थापकीय पक्षका लागि विद्यालय व्यवस्थापन समितिले कार्यविधि बनाइ स्वीकृत गर्नुपुर्व नगर शिक्षा समितिको परामर्शका लागि नगर शिक्षा समितिमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद ३

## विद्यालय तहको शिक्षक तथा विद्यालय कर्मचारीको दरवन्दी,सेवाशर्त,योग्यता एवं सक्षमताको मापदण्डः

१५. नगरपालिकाले शिक्षकको दरवन्दी #मिलान गर्नेः

१) नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षकहरुको दरवन्दी निर्धारण तथा मिलान नगरपालिकाले गर्नेछ ।

(२) नगरपालिकाले शिक्षकको दरवन्दी निर्धारण तथा मिलान गर्दा प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी

∗पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नुपर्नेछ ।

(३)उपदफा(२)बमोजिम पदस्थापन तथा नियुक्ति भएको शिक्षकको ब्यक्तिगत फाइल खडा गरी नगरपालिकाले राख्नुपर्नेछ । यसरी नियुक्त तथा पदस्थापन भएको शिक्षकको सेवा सुविधा नगरपालिकाले #सम्बन्धित बिद्यालयमा भुक्तानी गर्नुपर्नेछ ।

**१६.शिक्षकको सेवा शर्त,योग्यता र सक्षमताः** शिक्षकको सेवा, शर्त, योग्यता र सक्षमता तोकिए बमोजिम हुनेछ ।

**१७.यो ऐन लागु भए पश्चात स्थायी अध्यापन अनुमति पत्र लिनु पर्नेः**

अध्यापन अनुमति पत्र नलिई कसैले पनि शिक्षक पदका लागि उम्मेदवार हुन पाउने छैनन्

**१८. शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः**

(१) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको ब्यवस्थापन समितिले पदबाट हटाउन नगरपालिकामा सिफारिस गर्नेछः

(क) ताकिए बमोजिमका पदीय दायित्व पुरा नगरेमा,

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

(ख) विन सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा ,

(ग) विद्यालयको कामको शिलशिलामा बाहेक अन्य अवस्थामा पटक पटक विद्यालयमा अनुपस्थित रहेमा,

(घ) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(ङ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(च) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै ब्यवसायिक क्रियाकलाप गरेमा,

(छ) शिक्षक वा कर्मचारी राजनितिक दलको सदस्य रहेको पाइएमा,

(ज) निजले अध्यापन गरेको विषयमा तीन वर्ष भित्रको औषत शैक्षिक उपलब्धी #३० प्रतिशत भन्दा कम भएमा,

(झ) विद्यालयको चल अचल सम्पत्ति हिनामिना गरेमा,

(ञ) कुनै पनि नक्कली कागजात कसैलाई दिएमा दिन लगाएमा वा बनाएमा,

२) उपदफा (१)वमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने एथेष्ट प्रयाप्त

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

प्रमाण प्राप्त भएमा मात्र नगरपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ । तर कार्यरत पदबाट हटाउनु अघि मनासिव माफिकको स्पष्टिकरणको मौका भने प्रदान गरिनेछ ।

**१९.अदालतको आदेशबाट पुनःबहाली हुनसक्नेः**

(१) दफा १९ मा उल्लेख भएका कुनै वा केही आरोपमा सजाए भई नोकरीबाट हटाइएको वा भएको शिक्षक,कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम नोकरीमा पुनः बहाली हुन सक्नेछ ।

२) उपदफा(१)बमोजिम पुनःबहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुनःबहाली मिति सम्मको पूरा तलब, भत्ता र तलब बृद्धि पाउने भए सो समेत पाउने छ ।

**२०. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुनेः**

दफा २१ मा उल्लेखित अवस्थामा वा नियमानुसार विदा स्वीकृत गराई बसेको अबस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले सो अवधिको तलब,भत्ता पाउने छैनन् र त्यस्तो अवधि निजको सेवामा समेत गणना हुने छैन ।

## २१.स्थायी आवासीय अनुमति लिन नहुनेः

सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरुले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिनु हुदैन । स्थायी आवासिय अनुमति लिएका तथा आवेदन दिने शिक्षक वा कर्मचारीहरुलाई तोकिए बमोजिम दण्ड तथा सजाय हुनेछ ।

## परिच्छेद ४

## सामुदायिक विद्यालयको शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालिम, वृत्ति विकासः

## २२. शिक्षकको नियुक्ति

(१) सामुदायिक विद्यालयमा कायम भएको दरबन्दीमा रिक्त भएको राहत, अस्थायी, करार,बालविकास र विद्यालय कर्मचारीको दरबन्दीमा नियुक्ति तथा पदपूर्ति गर्न देहाय बमोजिमको एक शिक्षक छनौट समिति गठन हुनेछः

(क) सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष – संयोजक

(ख) विषयगत रोष्टर शिक्षक मध्येबाट समितिले तोकेको विषय विज्ञ दुई जना – सदस्य

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

(ग)⁎नगरपालिकाको प्रमुख शिक्षा अधिकृत वा शिक्षा अधिकृतको काम गर्न तोकिएको कर्मचारी⁎– सदस्य

(घ) सम्बन्धित वडाको वडा अध्यक्ष – सदस्य

(ङ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक – सदस्य सचिब

(२) उपदफा (१) मा उल्लेख भए बाहेक नेपाल सरकारको संघीय शिक्षण सहयोग अनुदान, प्रदेश शिक्षण सहयोग अनुदान र नगरपालिकाको आन्तरिक श्रोतबाट प्राप्त अनुदानमा शिक्षक तथा विद्यालय कर्मचारी र बालविकासमा नयाँ नियुक्ति तथा भर्ना गर्न देहाय बमोजिमको नगरपालिकामा एक शिक्षक छनौट समिति हुनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत : संयोजक

(ख) जिल्लाको रोष्टर तथा बिज्ञ सुचीमा सम्बन्धित बिषय र तहमा सूचीकृत भएका रोष्टर तथा बिज्ञ शिक्षकहरू मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेका दुई जना - सदस्य

(ग) नगरपालिकाका अधिकृत कर्मचारी वा कर्मचारीहरु मध्येबाट नगर प्रमुखले मनोनित गरेका एक जना- सदस्य

(घ) प्रमुख शिक्षा अधिकृत वा शाखामा काम गर्न तोकिएको कर्मचारी : सदस्य- सचिव

⁎पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

(३) विषयगत विज्ञताका आधारमा समितिले आबश्यकता अनुसारको संख्यामा विषयगत विशेषज्ञहरु र सम्बन्धित तथा अन्य शाखाको कर्मचारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) उपदफा २ बमोजिमको शिक्षक तथा कर्मचारीको छनौट तथा अन्य प्रकिया नियमावली तथा कार्यविधिमा तोकिए बमोजिम हुनेछ |

**२३. प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः**

(१) सामुदायिक विद्यालयमा आर्थिक तथा प्रशासनिक कामकाज गर्न एक प्रधानाध्यापक रहनेछ ।

(२) प्रधानाध्यापकको नियुक्ति, सेवाको शर्त र सुविधा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

क) माध्यमिक तहमा प्रधानाध्यापक हुन स्थायी तथा स्नातकोत्तर उपाधि प्राप्त शिक्षक हुनुपर्नेछ । सो नभएमा स्नातक उपाधि प्राप्त शिक्षक हुनु पर्नेछ । *कम्तिमा ५ बर्ष स्थायी सेवा गरेका विद्यालयका कार्यरत शिक्षकहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारिसमा नगर शिक्षा समितिबाट प्रधानाध्यापकको नियुक्ति गरिनेछ ।

ख) आधारभूत तहमा स्थायी तथा स्नातक उपाधि प्राप्त शिक्षक हुनु पर्नेछ । ।सो नभएमा प्रविणता

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

प्रमाणपत्र उपाधि प्राप्त शिक्षक हुनु पर्नेछ । सो पनि नभएमा कम्तिमा स्थायी सेवा गरेका विद्यालयका कार्यरत शिक्षकहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारिसमा नगर शिक्षा समितिबाट प्रधानाध्यापकको नियुक्ति गरिनेछ ।

ग) प्रधानाध्यापक नियुक्ति हुनु पूर्व ५ बर्ष विद्यालय विकास योजना विद्यालय व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ । पारित योजना अनुसार काम गर्ने करार सम्झौता पनि गर्नुपर्नेछ

घ) *प्रधानाध्यापकको कार्यकाल ५ वर्षको हुनेछ । तर निजको विशेष आवश्यक्ता देखिएमा उपदफा (ग) बमोजिम बढीमा १ कार्यकाल मात्र थप गर्न सकिनेछ ।

ङ) विद्यालयको शैक्षिक, प्रशासनिक एवं ब्यवस्थापकिय नेतृत्व गरी विद्यालयको बृहत्तर हित गर्नु प्रधानाध्यपकको कर्तब्य हुनेछ ।

च) निजले पेश गरेको विद्यालय विकास योजना बमोजिम कार्य गरेको नपाइएमा नगर शिक्षा समितिले प्रधानाध्यापक पदबाट हटाउन सक्नेछ । तर एक पटक स्पष्टिकरण दिने मौका दिइनेछ ।

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

ज) आधारभुत तहको कक्षा १–५ सञ्चालित विद्यालयको हकमा प्रविणता प्रमाणपत्र तह वा सो सरह शैक्षिक योग्यता भएका स्थायी शिक्षकलाइ प्रधानाध्यापक हुनबाट बन्चित गरिने छैन ।

**२४. शिक्षकको सरुवाः**

१) दरबन्दि मिलान गर्दा बाहेक शिक्षकले सरुवा हुन चाहेमा आफु कार्यरत विद्यालय र सरुवा भइ जान चाहेको विद्यालयको विद्यालय व्यवस्थापन समितिको सहमति सहित नगर शिक्षा समिति समक्ष निबेदन दिनु पर्नेछ ।

२) यसरी प्राप्त निबेदनका आधारमा नगर शिक्षा समितिले आफ्नो क्षेत्र भित्रको सहमति प्राप्त विद्यालयमा सरुवा गर्न सक्नेछ

३) यसरी सरुवा गर्दा समान तहका र विद्यालयको आवश्यकता अनुसार विषय मिल्ने देखिएमा स्थायी, अस्थायी वा करार वा राहत शिक्षकलाई पनि सोही प्रकृतिको दरबन्दिमा पारस्परिक सरुवा गर्न सकिनेछ । तर शिक्षकको सरुवा गर्दा मनासिव माफीकको कारण विना सामान्यतया पदस्थापना भएको एक बर्ष व्यतित नभइ सरुवा गरिने छैन ।

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

(क) माथी उपदफा ३ मा जेसुकै लेखिएको भएता पनि तर पदस्थापना भएका शिक्षकको कार्यसम्पादन सन्तोषजनक नदेखिएमा शिक्षकलाइ सरुवा गर्न सकिनेछ ।

४) विषेश अवस्था बाहेक शिक्षकको सरुवा शैक्षिक सत्रको शुरु वा अन्त्यमा मात्र गरिनेछ । विशेष अवस्था भन्नाले निज सो विद्यालयमा रहन नसक्ने वातारण भएमा, विषयगत दरबन्दि आवश्यक नरहेको, स्वास्थ्यमा गम्बिर समस्या, पति पत्नी सगै रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्त बुझ्दो कारण समेत बुझिनेछ ।

(५) उपदफा (१),(२),(३) र (४) मा जुनसुकै कुरा उल्लेख गरिए तापनि नगरपालिकाको दरबन्दी मिलानको क्रममा बाहेक नयाँ संघीय शिक्षा ऐन तथा कानुन लागु नहुँदा सम्म शिक्षक सरुवा सम्बन्धि काम नेपाल सरकारको प्रचलित संघीय ऐन तथा कानुन बमोजिम हुनेछ

## २५. दरबन्दि मिलान :

(१) विद्यालयमा तहगत, कक्षागत तथा विषयगत र शिक्षक विद्यार्थीको अनुपातका आधारमा बढि दरबन्दि भएको विद्यालयबाट कम दरबन्दि भएको विद्यालयमा नगर

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

शिक्षा समितिले आवश्यक  परेमा हरेक बर्ष दरबन्दि मिलान गर्न सक्नेछ ।

(२) यसका लागि शिक्षक दरबन्दि कम भएका विद्यालय, दरबन्दि नै नभएका विद्यालय तथा पिछडिएका र ग्रामिण क्षेत्रमा रहेका विद्यालयलाई प्राथमिकता दिईनेछ ।

**२६.शिक्षकको बढुवा सम्बन्धि व्यवस्थाः**

हाल स्थायी रुपमा सेवारत शिक्षकको बढुवा सम्बन्धि व्यवस्था नेपाल सरकारबाट लागु भएको  प्रचलित कानुन बमोजिम हुनेछ ।

**२७. तालिम तथा क्षमता विकास सम्बन्धि व्यवस्थाः**

शिक्षक तथा कर्मचारीलाई नेपाल सरकारको निति तथा स्थानीय तहबाट निर्धारीत तालिम तथा क्षमता विकासको अवसर दिइनेछ ।

**२८ः शिक्षकलाइ अन्य काममा लगाउन नहुने ः**

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धि काममा  बाहेक *कार्यालय समय भित्रं अन्य काममा लगाउन हुदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए पनि विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी राष्ट्रिय

*पहिलो संशोधनबाट संशोधित  +पहिलो संशोधनबाट  थप  दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित  ^ दोस्रो संशोधनबाट झिकिएको

जनगणना, निर्वाचन सम्बन्धि काम, दैवि प्रकोप उद्धार वा नेपाल सरकार र नगरपालिकाले तोकेको अन्य *कुनै  काममा काजमा खटाउन सकिनेछ ।

## परिच्छेद ५

## सामुदायिक विद्यालयको भौतिक पुर्वाधार निर्माण मर्मत सम्भार,संचालन र व्यवस्थापनः

**२९.विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारणः**

१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खेलमैदान, कम्पाउण्ड घेराबार, बालमैत्री बसाइ व्यवस्था, वातावरणमैत्री हाता, करेसाबारी फूलबारी, स्वच्छ पिउने पानी, छात्र छात्राको लागि वास सुविधा सहितको अलग अलग शौचलाय सिकाइ मैत्री वातावरण हुनुपर्नेछ ।

२) विद्यालयमा प्राथमिक उपचार, नियमित स्वास्थ्य परीक्षण, छात्राहरुलाइ स्यानटिरी प्याड जस्ता न्युनतम सुविधा उपलब्ध हुनु पर्नेछ ।

३) विद्यालयको स्तर अनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

४) प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्ने विद्यालय तथा विज्ञान मुल विषय पठन पाठन हुने विद्यालयमा

*पहिलो संशोधनबाट संशोधित  +पहिलो संशोधनबाट  थप  दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित  ^ दोस्रो संशोधनबाट झिकिएको

विज्ञान प्रयोगशाला तथा प्रयोगात्मक अभ्यासको थप सुविधा हुनुपर्नेछ।

५) विद्यालयको कुनै पनि भौतिक पूर्वाधार जस्तै गारो, छानो, झ्याल ढोका, कक्षाको भुइ, शौचालय, खानेपानी, एवं अन्य पूर्वाधारहरु फर्निचर जिर्ण भएको अवस्थामा तत्काल मर्मतको व्यवस्था मिलाउनु पर्नेछ ।

**३०.विद्यालयको सम्पत्ती:**

१) सामुदायिक विद्यालयको हक भोगमा रहेको सम्पत्ती सार्वजनिक सम्पत्ती मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्ध गरीएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ती नगरपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुन बमोजिम बेचविखन गरी प्राप्त भएको रकम नगरपालिकाको शिक्षा कोषमा जम्मा गर्नेछ ।

२) शैक्षिक गुठी अन्तरगत संस्थागत विद्यालयको सम्पत्ती सोही विद्यालयको नाममा रहनेछ ।

कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा संचालन गरीएकोमा त्यस्तो विद्यालयको सम्पत्ती

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाईने छैन ।

३) कम्पनी अन्तरगत संचालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ

४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्था संग दान दातव्यको रुपमा कुनै किसिमको चल अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकाको अनुमति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

५) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको चल अचल सम्पत्ति नेपाल सरकारको स्वीकृति विना बेचविखन गर्न पाईने छैन ।

६) व्यक्तिको जग्गा त्रुटीवस विद्यालयको नाममा स्वामित्वमा पर्न आएको भए छानविन गरी सही ठहरीएमा सम्बन्धित व्यक्तिलाइ हस्तान्तरण गरीने छ ।

**३१.सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख संरक्षण र व्यवस्थापनः**

१) सामुदायिक विद्यालयको स्वामित्व सो विद्यालयकै नाममा रहनेछ। सो विद्यालय बन्द खारेज वा अन्यत्र गाभिइ

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

विद्यालयको नाममा प्रयोग नहुने भएमा नगरपालिकाले कानुन बमोजिम भोग चलन गर्न सक्नेछ ।

२) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको रहनेछ ।

३) सामुदयिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य नगरपालिका र नेपाल सरकारको हुनेछ ।

**३२. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक :**

१) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड अनुरुप सिकाई उपपब्धि हासिल हुने गरी अध्ययण अध्यापन गराउनु पर्नेछ। विद्यालय तथा नगरपालिकाले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही प्रादेशिक तथा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्न सक्नेछ ।

२) आफ्ना विद्यालयका विद्यार्थीहरुको लागि आवश्यक पर्ने पाठ्यपुस्तकहरुको संख्या सम्बन्धित विद्यालयले तोकिएको सिमा भित्र नगर शिक्षा *शाखामा माग गर्नु पर्नेछ ।

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

३) नगर शिक्षा *शाखाले शैक्षिक सत्र शुरु हुनु अगावै सम्बन्धित निकायहरुमा समन्वय गरी पाठ्यपुस्तकको प्रबन्ध गर्नु पर्नेछ ।

४) आधारभूत तह सम्मको शिक्षाको लागि स्थानीय आवश्यकतामा आधारित रही स्थानिय पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रयोगमा ल्याउन सक्नेछ ।

५) नेपाल सरकारले तोकेका विषयवस्तु र स्तर अनुकुल हुने गरी विद्यालयमा बहुपाठ्यपुस्तक लागु गर्न सकिनेछ ।*नगर शिक्षा समितको अनुमति लिई सो पाठ्यपुस्तक विद्यालय ब्यवस्थापन समितिले लागु गर्न सक्नेछं ।

६) हरेक विद्यालयमा शैक्षिक स्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारीत पाठ्यसामाग्री, थप स्वाध्ययन सामाग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रवन्ध हुनुपर्नेछ ।

७) प्रत्येक वर्ष हरेक विद्यालयले विद्यालय सुधार योजना अध्यावधिक गरी नगर शिक्षा समितिमा पेश गर्नु पर्नेछ ।

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

**३३. अतिरिक्त शैक्षिक क्रियाकलापको संचालन :**

१) विद्यालयले पाठ्यक्रममा आधारीत रही सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलाप संचलान गर्न सक्नेछ ।

२) विद्यालयले बालक्लब तथा वातावरण मैत्री क्लबहरु गठन, परीयोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद प्रतियोगिता, साहित्यीक तथा बहुप्रतिभामुखि क्रियाकलापहरु संचालन गर्न सक्नेछ ।

३) विद्यालयले प्राकृतिक प्रकोप तथा जोखिम न्यूनिकरण सम्बन्धि सचेनामूलक कार्यक्रम संचालन गर्नु पर्नेछ ।

## परिच्छेद ६

## संस्थागत विद्यालयको अनुमति, मापदण्ड निर्धारण,मूल्यांकन र नियमन सम्बन्धि व्यवस्था

**३४. संस्थागत विद्यालय संचालन गर्न तोकिए बमोजिम अनुमति वा स्वीकृति लिनुपर्नेछ ।**

**३५. संस्थागत विद्यालयको व्यवस्थापन समिति**

(१) संस्थागत विद्यालयको संचालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरु मध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा नगरपालिकाबाट मनोनित – अध्यक्ष

ख) अभिभावकहरु मध्येबाट कम्तिमा एक जना महिला पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुईजना – सदस्य

ग) स्थानिय शिक्षा प्रेमी वा समाजसेवीहरुमध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एकजना– सदस्य

घ)*सम्बन्धीत स्थानीय तहको शिक्षा अधिकृत*वा शाखाको कर्मचारी – सदस्य

ङ) सम्बन्धित विद्यालयका शिक्षकहरुले आफुमध्येबाट छानी पठाएको एकजना – सदस्य

च) विद्यालयको प्रधानाध्यापक– सदस्य सचिव

(२) उपदफा (१) को क, ख, र ग बमोजिम छानीएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा नगर शिक्षा समितिले निजलाई जुनसुकै बखत पद बाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अगाडि वा समिति विघटन गर्नु अगि आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरीने छैन ।

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

## ३६. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकारः

१) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विद्यालय संचालनको लागि प्राप्त साधन र श्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम गर्ने,

(ङ) विद्यालयले नेपाल सरकार र नगरपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तकहरु अनिवार्य रुपमा लागु गर्ने,

(च) अध्यापन अनुमति पत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक पदको लागि उमेद्वार हुन योग्यता पुगेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(छ) शिक्षक तथा कर्मचारीको न्यूनतम तलव, सेवा सुविधा तोक्ने,

(ज) अनुशासन हिन शिक्षक उपर कारबाहि गर्ने,

∗पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

(झ) प्रचलित शिक्षा ऐन तथा नियमावली तथा अन्य कानुनमा उल्लेखित व्यवस्थाका अतिरिक्त नगरपालिकाबाट जारी शिक्षा क्षेत्र संग संबन्धित सबै निति नियम निर्देशनहरुको पालना गर्ने,

(ञ) शैक्षिक गुठि अन्तरगत संचालन भएका विद्यालयको संचालन, रेखदेख र व्यवस्थापन सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य अधिकार र बैठक सम्बन्धि कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**३७. संस्थागत विद्यालयले छात्रबृत्ति उपलब्ध गराउनु पर्नेः**

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तीमा १० प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम नगरपालिकाले सिफारिस गरेका आर्थिक रुपमा विपन्न, अपांगता भएकाहरु, महिला, दलित वा जनजाति विद्यार्थीहरुलाई छात्रबृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रबृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिमा रहेका

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

अभिभावकको प्रतिनिधि रहेको एक छात्रबृत्ति छनौट समिति रहनेछ ।

(३) समितिले छनोटका लागि आधार, शर्त, प्रकृया तयार गरी सो विद्यालय व्यवस्थापन समिति बाट स्वीकृति गराई सार्वजनिक पनि गर्नुपर्नेछ ।

(४) समितिले छात्रबृत्तिको लागि छनौटको आधार र नतिजा सहित सार्वजनिक गर्नु पर्नेछ ।

**३८. अनुगमन तथा मूल्यांकनः**

संस्थागत विद्यालयले गुणस्तर कायम राख्न नगरपालिका वा नगर शिक्षा समितिले जुनसुकै समयमा अनुगमन गरी निर्देशन दिन सक्नेछ यसरी प्राप्त निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको अनिवार्य दायित्व हुनेछ ।

**(३९) अनुमति वा स्वीकृति रद्ध गर्नेः**

कुनै संस्थागत विद्यालयले यो ऐन वा नियम विपरित अन्य कुनै काम गरेमा नगरपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरेको अनुमति वा स्वकिृति रद्ध गर्न सक्नेछ । तर त्यसरी अनुमति वा स्वकिृति रद्ध गर्नु अगि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई गर्ने मौकाबाट वञ्चीत गरीने छैन ।

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

## परिच्छेद ७

### परीक्षा संचालन तथा गुणस्तर मापनः

**४०. आधारभूत तह कक्षा ८ को अन्त्यमा हुने परिक्षाको संचालन सम्बन्धि व्यवस्थाः**

(१) आधारभूत तह उत्तीर्ण परीक्षा (कक्षा ८) को अन्तिम परीक्षा नगरपालिका स्तरीय हुनेछ ।

(२) आधारभूत तह कक्षा ५ को अन्तिम परिक्षा वडा स्तरीय हुनेछ ।

(३) उपदफा १ बमोजिमको परीक्षा सम्बन्धि सम्पूर्ण काम गर्न देहाय बमोजिमको एक परिक्षा समिति रहनेछ ।

(क) *नगर शिक्षा समिति वा नगर प्रमुखले तोकेको ब्यक्ति – संयोजक

(ख) *आधारभूत तह वा माध्यमिक तहको प्रधानाध्यापकहरु तथा शिक्षकहरुमध्येबाट नगर शिक्षा समितिले तोकेका ५ जना – सदस्य

(ग) +(१) नगर प्रमुखले तोकेको विषय विज्ञ १ जनां – सदस्य

(घ) +नगर शिक्षा समिति अध्यक्षले तोकेको कर्मचारी– सदस्य सचिव

(४) आधारभूत तहको कक्षा ५ को अन्तिम परीक्षा वडा स्तरिय हुनेछ

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

(४) (१) +उपदफा २ बमोजिमको परिक्षा सम्बन्धि सम्पूर्ण काम गर्न देहाय बमोजिमको एक परिक्षा समिति रहनेछ ।

(क) +वडा शिक्षा समितिले तोकेको एक जना – संयोजक

ख)+कक्षा ५ संचालन भएका आधारभूत तह वा माध्यमिक तहको प्रधानाध्यापकहरु तथा शिक्षकहरु मध्येबाट वडा शिक्षा समितिले तोकेका ३ जना – सदस्य

(ग) +वडाध्यक्षले तोकेको कर्मचारी वा शिक्षक – सदस्य सचिव

(घ) +उपदफा (३) र (४) बमोजिम गठन भएको परिक्षा समितिको कार्यविधि तोकीए बमोजिम हुनेछ ।

## परिच्छेद ८

## विद्यालयलाई दिइने अनुदान,लेखा व्यवस्थापन, अनुगमन र नियमन

### ४२. विद्यालय कोषः

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहनेछ जसमा देहाय बमोजिमका श्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछः

(क) नेपाल सरकार, प्रादेशिक सरकार र नगरपालिकाबाट प्राप्त अनुदान,

(ख) विविध शुल्क तथा सहयोग बाट प्राप्त रकम,

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

(ग) चन्दा वा दान दातव्य बाट प्राप्त रकम र

(घ) अन्य स्रोत बाट प्राप्त रकम

(२) उपदफा (१) बमोजिमको कोषको संचालन, लेखापरिक्षण तथा सामाजिक लेखापरिक्षण तोकिए बमोजिम हुनेछ ।

**४३. अनुदानको व्यवस्थाः**

(१) सबै विद्यालयहरुले प्रचलित कानुन अनुसारको ढाचामा आय व्ययको लेखा व्यवस्थापन गर्नु पर्नेछ ।

(२) विद्यालयको नियमित कारोबारको लागि लेखा राख्ने बेग्लै लेखा शाखा खडा गरी कुनै कर्मचारी वा शिक्षकलाई लेखा व्यवस्थापन गर्ने जिम्मेवारी दिनुपर्नेछ ।

**४४. लेखा ब्यवस्थापनः**

(१) सबै विद्यालयहरुले प्रचलित कानुन अनुसारको ढाँचामा आय,ब्ययको लेखा ब्यवस्थापन गर्नुपर्ने छ ।

(२) विद्यालयको नियमित कारोबारको लेखा राख्न ब्यग्लै लेखा शाखा खडा गरि कुनै कर्मचारी वा शिक्षकलाई लेखा ब्यवस्थापन गर्ने जिम्मेवारी दिनुपर्नेछ ।

**४५. सामुदायिक विद्यालयको खाता संचालन :**

(१) विद्यालयको आर्थिक कारोबार गर्दा बैंक मार्फत गर्नु पर्नेछ ।

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

(२) विद्यालयको खाता संचालन प्रधानाध्यापक, विव्यस अध्यक्ष वा लेखा हेर्ने कर्मचारी, वा शिक्षकको संयुक्त दस्तखतबाट संचालन गर्नु पर्नेछ ।

**४६. लेखा परीक्षण तथा सामाजिक परिक्षणः**

(१) सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र नगर शिक्षा समितिले तोकेको रजिष्टर्ड लेखा परिक्षकबाट लेखा परिक्षण गराउनु पर्नेछ।

(२) लेखा परिक्षण प्रतिवेदन लेखा परिक्षण समाप्त भएको १५ दिन भित्र नगर शिक्षा समिति माफर्त नगरपालिकामा पेश गर्नु पर्नेछ ।

(३) प्रत्येक वर्षको भाद्र मसान्त भित्र विद्यालयले सामाजिक परीक्षण गरी विद्यालयको आय व्यय, शैक्षिक उपलब्धि, विद्यालयको आन्तरिक गतिविधि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था, सधार गर्नुपर्न क्षेत्रको पहिचान, आगामि कार्ययोजना सामाजिक परीक्षण माफर्त सार्वजनिकरण तथा अभिभावक भेलाबाट अनुमोदन गराउनु पर्नेछ ।

(४) विद्यालयले हरेक त्रैमासिक परिक्षाको नतिजा सहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन सामाजिक

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

परिक्षणको अवसरमा अभिभावक समक्ष पेश गरी पृष्ठपोषण लिनु पर्नेछ ।

**४७. छात्रबृतिको व्यवस्था गर्न सक्ने :**

नगरपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीहरुलाई तोकिए बमोजिम छात्रबृत्ति व्यवस्था गर्न सक्नेछ । यसका लागि स्थानीय दाताहरुको सहयोग सहितको कोष खडा गरीनेछ | विद्यालय व्यवस्थापन समिति माफर्त चन्दा सहयोग लिइ अक्षयकोष माफर्त विद्यालय स्वयंले पनि छात्रबृति दिन सक्नेछ ।

**४८. शुल्क सम्बन्धि व्यवस्था :**

(१) नेपाल सरकारले निशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाको लागि सामुदायिक विद्यालयहरुले विद्यार्थीको नाममा कुनै पनि किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै अभिभावकले आफ्नो इच्छाले दिएको दान, उपहार चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ।

(३)सबै बालबालिकाहरुलाई आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तह सम्मको

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

निशुल्क शिक्षा प्रदान गर्नका लागि नगरपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) बमोजिम निशुल्क शिक्षा घोषणा गरेको विद्यालयको शिक्षा वाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीहरु संग लिईने शुल्क तोकिएको आधारमा निर्धारण गरीनेछ ।

(५) .....^

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थी संग कुनै पनि किसिमको शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले विद्यार्थी संग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृति गराइ निर्धारण गर्नुपर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिदा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ ।

(८) कुनै विद्यालयले यस ऐन विपरित विद्यार्थी संग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गराउन लगाउनु पर्नेछ ।

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

(९) यस ऐन विपरित शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले एक लाख रुपैया सम्म जरीवाना गर्न सक्नेछ ।

**४९. विद्यालयलाई छुट र सुविधाः**

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा संचालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१)मा लेखिए देखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा संचालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

# परिच्छेद ९, #दफा ५०, (१) (२) (३) #दफा ५१ (१) (२) (३) (४) (५) (६) (७) (८) (९) (१०) (११) खारेज गरिएको छ

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

## +परिच्छेद १०
## विविध

**५२ .विद्यालयको ⁎कार्यविधिः**

(१) ⁎यो ऐन तथा प्रचलित कानुनको अधिनमा रही प्रत्येक सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिले आबश्यक कार्यविधि निर्माण गरि शिक्षक अभिभावक संघ र अभिभावक भेलाबाट पारीत गराइ लागु गर्नु पर्नेछ ।

(२) त्यस्तो ⁎कार्यविधि आवश्यकता अनुसार ब्यवस्थापन समितिले संसोधन गर्न सक्नेछ ।

(३) ३ पहिलो संशोधनबाट खारेज.............

(४) अध्यावधिक भएको ⁎कार्यविधिको प्रतिलिपि ७ दिन भित्र विद्यालय व्यवस्थापन समितिले नगर शिक्षा समितिमा पेश गर्नु पर्नेछ ।

(५) विद्यालयको ⁎कार्यविधि सार्वजनिक गरिनेछ । सो जो कोहीले पनि अध्ययन गर्न पाउनेछ

**५३ .नगरपालिका क्षेत्रमा संचालित सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यबसायिक शिक्षा**

(१) नगरपालिका क्षेत्रमा संचालित सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यबसायिक शिक्षाका निर्धारीत विषय अध्यापन गराउन सकिनेछ। यस्ता विद्यालयको

⁎पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

संचालनका लागि नगरपालिकाले सम्भाव्यता अध्ययण,विद्यालयलाई थप सुविधा प्रदान र आवस्यक स्रोत पहिचान र परिचालन गर्न सक्नेछ ।

**५४. नगरपालिकाले निर्देशन दिन सक्ने :**

(१) नगरपालिकाले तोकिएको क्षेत्र संग सम्बन्धित आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालन गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**५५. विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु :**

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययण, अध्यापन गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालय भित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नुपर्ने सर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

**५६.बालबालिकालाई निष्काशन गर्न, शारिरीक वा मानसिक दुर्व्यवहार गर्न नहुने :**

(१) कुनै पनि बालबालिकालाई विद्यालय बाट निष्काशन गर्न पाईने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारिरीक वा मानसिक यातना दिन,दुर्व्यवहार गर्न पाइने छैन ।

**५७. शैक्षिक परामर्श सेवा, विदेशी शेक्षिक कार्यक्रम वा शिक्षण कोर्स संचालनः**

(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिइ शैक्षिक परामर्श सेवा,ब्रिज कोर्ष, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशि मूलुकमा संचालित कुनै शैक्षिक कार्यक्रम संचालन गर्न पाउने छैन।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा ब्रिज कोर्ष, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशि मूलुकमा संचालित कुनै शैक्षिक कार्यक्रम संचालन गर्न अनुमति लिने सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५८. प्रगति विवरण बुझाउनु पर्नेः**

संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमको विवरण सहित प्रगतिको विवरण नगरपालिका कार्यालयमा बुझाउनु पर्ने छ ।

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

## ५९. शिक्षा विकास कोष

(१) नगरपालिकाले आफ्नो क्षेत्र भित्र बसोबास गर्ने अति विपन्न, प्राकृतिक प्रकोप पिडित, असक्त र असहाय बालबालिकाको शैक्षिक अवसर बृद्धि गर्न तथा उत्कृष्ठ विद्यार्थी, शिक्षक,कर्मचारी वा शिक्षा प्रेमिलाई पुरस्कृत गर्न शिक्षा विकास कोष स्थापना हुनेछ ।

(१) + प्रत्येक वडामा एक वडा शिक्षा विकास कोष खडा गर्न सकिनेछ । उक्त कोष संचालन तथा ब्यवस्थापन वडा समितिको निर्णय बमोजिम हुनेछ ।

(२) कोषमा देहाय बमोजिमको रकम रहन सक्नेछः

(क) नेपाल सरकार,प्रादेशिक सरकार र नगरपालिका बाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोग बाट प्रापत रकम,

(ग) चन्दा वा दानदातव्य बाट प्राप्त रकम,

(घ) अन्य स्रोत बाट प्राप्त रकम ।

(३) *कोषको संचालन नगरपालिका प्रमुख, प्रमुख प्रशासकिय अधिकृत, प्रमुख शिक्षा अधिकृत वा निजको काम गर्न तोकिएको शिक्षा अधिकृत रहेको समिति बाट हुनेछ ।

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

**६०. दण्ड सजायः**

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले विगो असुल गरी विगो बमोजिम जरीवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा,गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्‍याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानुनले तोके बमोजिम सजाय हुनेछः

(क) प्रश्नपत्रको गोपनियता भंग गरेमा,

(ख) उत्तर पुस्तिका परीक्षण गर्दा लापर्बाही वा गैर जिम्मेवारी पूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रबेश गर्न प्रयत्न गरेमा, वा प्रवेश गरेमा वा परिक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परिक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरुको तफर्बाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भंग हुने अन्य कुनै कार्य गरेमा,

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा।

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

(ज) अनुमति नलिइ शैक्षिक परामर्श सेवा,ब्रिज कोर्ष, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मूलुकमा संचालित कुनै शैक्षिक कार्यक्रम संचालन गरेमा,

(झ) कानुन विपरीत अन्य कार्य गरेमा ।

(३) कानुन बमोजिमको कसुरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्धा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्धा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्धा दायर भएको मिति देखि मुद्धाको टुंगो नलागे सम्म निलम्बन हुनेछ ।सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाइ प्रचलित ऐन बमोजिम विभागिय सजाय गरीनेछ ।

**६१.पुनरावेदन :**

तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानुन बमोजिम पुनरावेदन लाग्नेछ ।

**६२. नियम बनाउने अधिकार :**

(१) यस ऐनको उद्धेश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम तथा नियामावली तथा निर्देशिका र कार्यविधि बनाउन सक्नेछ साथै यस ऐनलाई आवश्यक परेमा संसोधन तथा परीमार्जन गर्न सकिनेछ ।

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

(२) यस ऐनको कार्यान्वयनका लागि नगर शिक्षा समितिले आवश्यक निर्देशिका, कार्यविधि र मापदण्ड बनाइ लागु गर्न सक्नेछ ।

**६३. शिक्षा परामर्श*समिति गठन गर्न सकिने :**

*नगरपालिकाको आवश्यकता अनुसार समग्र शिक्षाको स्थिति पहिचान अनुगमन, शैक्षिक उन्नयन,विद्यालयको अनुमति, स्विकृती र मूल्यांकन तथा अन्य आवश्यक कामका लागि नगर शिक्षा समिति र विद्यालयलाई आवश्यक परामर्श दिन शिक्षा परामर्श समिति गठन गर्न सक्नेछ । यसको गठनविधि,कार्यक्षेत्र, काम, कर्तव्य र अधिकार कार्यविधिमा तोकिए बमोजिम हुनेछ ।

**६४. संक्रमणकालिन व्यवस्था :**

(१) यस ऐनले तोकिए बमोजिम हुने भनि व्यवस्था गरेको विषयमा नियमावली पारित नहुदा सम्म नगरपालिकाले गरेको निर्णय बमोजिम हुनेछ ।

(२) *संघिय शिक्षा ऐन र प्रदेश शिक्षा ऐन नबनुन्जेल यथावत रहनेछ र संघीय शिक्षा ऐन र प्रदेश शिक्षा ऐन बनि सके पछि सोही बमोजिम संसोधन तथा परिमार्जन गरी लागु गरीनेछ ।

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

**६५. बाधा अट्काउ फुकाउने अधिकार :**

यस ऐनको कार्यान्वयन गर्न कुनै बाधा अटकाउ परेमा नगरपालिकाले त्यस्तो बाधा अटकाउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ । तर त्यस्तो आदेश नगरपालिकाले ६ महिना भित्रमा अनुमोदन नगरेमा स्वतः निश्कृय हुनेछ ।

**६६. बचाउ र लागु नहुने :**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा नेपालको प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन २०१७ अन्तर्गत कारवाहि चलाउन बाधा पर्ने छैन ।

(३) यस ऐनमा उल्लेखित प्राव्धानहरुबाट कुनै दफा वा उपदफाहरु नेपालको संविधान २०७२ तथा नेपाल सरकार ,प्रदेश सरकारको प्रचलित कानुन संग बाझिन गएमा बाझिएको हद सम्म स्वतः निश्कृय हुनेछन् ।

(४) यस अघि कानुन बमोजिम नियुक्त शिक्षक, कर्मचारीहरुलाई नेपाल सरकारबाट दिइदै आएको सुविधामा कुनै किसिमको कटौति गरीने छैन । तर यो

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको

व्यवस्थाले कानुन बमोजिम दण्ड, सजाय र कारबाहि गर्न बाधा पर्ने छैन ।

(५)+स्थानीय शिक्षा ऐन २०७५ (पहिलो संशोधन २०७९) बमोजिम भए गरेका काम कारबाही यस ऐन बमोजिम भए गरेको मानिनेछ ।

**आज्ञाले**

**हरि बहादुर कठायत**

**नि.प्रमुख प्रशासकीय अधिकृत**

स्थानीय शिक्षा ऐन २०७५ (दोस्रो संशोधन)

*पहिलो संशोधनबाट संशोधित +पहिलो संशोधनबाट थप दोस्रो संशोधनबाट थप # दोस्रो संशोधनबाट संशोधित ^ दोस्रो संशोधनबाट झिकिएको